क्षेत्रीय समाचार एकांश

आकाशवाणी खरसाङ

मितिः २१ फरवरी २०१८

समयः १८:५० - १९:०० बजे

प्रादेशिक समाचार - नेपाली, आकाशवाणी खरसाङ

प्रमुख समाचार

१. राज्यका मुख्यमन्त्री ममता ब्यानर्जी आगामी १३ मार्चको दिन दुइ दिवसीय भ्रमणमा दार्जीलिङ आउनु हुने सूत्रहरूले बताएका छन्।

२. पश्चिम बंगाल सरकारद्वारा मनरेगामा फोहोर प्रबन्धनलाई प्रायोगिक बनाउनु देशको निम्ति एक आदर्श नमूना बनेको छ।

३. आज अन्तर्राष्ट्रीय मातृभाषा दिवस हो।

४. केन्द्रीय मन्त्री मण्डलले राष्ट्रीय आवास कोष गठनलाई स्वीकृति दिएको छ।

दार्ज

राज्यका मुख्यमन्त्री ममता ब्यानर्जी आगामी मार्च १३ तारिख दार्जीलिङको दुइ दिवसीय भ्रमणमा आउनुहुने विश्वस्त सूत्रहरूले जनाएका छन्। जीटीए-का अध्यक्ष विनय तामाङले मुख्यमन्त्रीको यस भ्रमण अवधि दार्जीलिङमा प्रथमपल्ट व्यापार सम्मेलन आयोजन हुने बताउनुभएको छ। अध्यक्ष तामाङले अझ बताउनुभयो मुख्यमन्त्रीको उपस्थितिमा विभिन्न उद्योग व्यावसायसित जोड़िएका उद्योगपति औ देश विदेशका व्यापारीहरूसित १३ मार्चको दिन राउण्ड टेबल बैठक हुनेछ जसमा यहाँ हुनसक्ने व्यावसायिक क्षमता र सम्भावनाहरूको प्रस्तुती गरेर उद्योगपतिहरू आकर्षित गर्ने लक्ष्य रहेको अनि १४ मार्चको दिन अपरान्ह साँढ़े ३ बजे यस व्यापार सम्मेलनको समापन हुने पनि बताइएको छ। यद्यपि यो सम्मेलन दार्जीलिङमा आयोजन भए तापनि हाल सम्मेलन स्थलको बारेमा चुड़ान्त निर्णय नभएको अनि आयोजनाको मितिभन्दा पूर्व जीटीएका प्रतिनिधिहरू कोलकता गई मुख्यमन्त्रीसित विचार विमर्श गरी यस व्यापार सम्मेलनलाई सफल बनाउने कुरा श्री तामाङले जनाउनु भयो।

****** ० ******

एस.सी दार्ज

उच्चतम् न्यायालयले केन्द्र सरकारलाई पश्चिम बंगालको हिंसा प्रभावित दार्जीलिङबाट ८ मार्च पछि केन्द्रीय सशस्त्र पुलिस बलको बाँकी चार कम्पनीहरू वापस गराउने अनुमति दिएको छ। प्रधान न्यायाधीश दिपक मिश्रको अध्यक्षता भएका पीठले अर्टनी जनरल के.के वेणुगोपालको यस तर्कलाई स्वीकार गरेको छ। उच्चतम न्यायालयले कलकता उच्च न्यायालयको त्या आदेश रद्द गरेको छ जसमा दार्जीलिङमा स्थिति सामान्य नभइंजेलसम्म केन्द्रीय सशस्त्र पुलिस बलको वापसीमा रोक लगाइएको थियो।

****** ० ******

एस.सी गुरुङ

गोर्खा जनमुक्ति मोर्चा प्रमुख विमल गुरुङ मामलाको सुनवाई सुप्रिम कोर्टमा हिज मंगलबार पनि सुनवाई भयो। सुनवाई अवधि विमल गुरुङको पैरवी गरिरहेका वरिष्ठ अधिवक्ता पी.एस पटवालियाले समय खेरो नफाली बंगाल सरकारमाथि

उल्टा आरोप लगाउँदै आफ्नो जवाब न्यायालयमा दर्ता गरे। यसमाथि अधिवक्ता पटवालिया अनि बंगाल सरकारको तर्फबाट अधिवक्ता अभिषेक मनु सिंघवी माझ धेरै भनाभैरी पनि भयो। बंगाल सरकारले विमल गुरुङ्को सम्बन्ध उग्रवादी संगठनहरूसित रहेको तर्क राख्दै उहाँको जमानतको विरोध गरिरहेको छ भने विमल गुरुङ्को तर्फबाट पनि उहाँको बचाउमा ठोस तकनिकी पक्ष पेश गरिन्दैछ। न्यायमूर्ति अशोक भूषण तथा न्यायमूर्ति ऐ.के सीकरीको खण्डपीठले यस मामलाको सुनवाई आज पनि जारी राखेका छन्। स्मरण रहोस गत सोमबार बंगाल सरकारको अधिवक्तालाई न्यायालयले चाँड़ै जवाब दर्ता गर्ने कड़ा निर्देश दिएको थियो।

****** o ******

<u>ल्यांग्वेज डे</u>

खरसाङको गोर्खा जनपुस्तकालयमा आज अन्तर्राष्ट्रीय मातृभाषा दिवस पालन गरियो। विनोद प्रकाश शर्माको अध्यक्षता अनि पूर्ण गुरुङ निरूपम-को प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा भाषा आन्दोलनका शहीदहरूलाई एक मिनटको मौन धारण गरेर श्रद्धांजली अर्पण गरियो। प्रमुख अतिथि पूर्ण गुरुङ निरूपम-ले आफ्नो वक्तव्यमा मातृभाषा जातियताको घड़ेरी हो भन्दै मातृभाषा दिवस आयोजनाको औचित्य साथै तथ्यहरूमाथि प्रकाश पार्नुभयो। कार्यक्रमका अध्यक्ष विनोद प्रकाश शर्माले सबैले आफ्नो मातृभाषालाई माया, सम्मान, संरक्षण औ सम्बर्द्धन गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिँदै भाषालाई विलुप्त हुनदेखि बचाउन पर्ने मन्तव्य राख्नुभयो। यस अवसरमा खरसाङ वरिपरिका कवि-कवयित्रीहरूले स्वरचित कविताहय पाठ गरे भनी पुस्तकालयका मूल सचिव प्रकाश प्रधानले जानकारी दिनु भएको छ।

****** o ******

<u>गारबेज</u>

जुनप्रकारले पश्चिम बंगाल सरकारले पंचायतहरूद्वारा फोहोर प्रबन्धनमा एक सय दिनको काम योजना मनरेगाको प्रयोग गरेको छ यो देशको निम्ति एक आदर्श बन्न पुगेको छ। यसैबीच केन्द्रीय ग्रामीण विकास मन्त्रालयले राज्य अनि संघ राज्य क्षेत्रलाई बंगाल मोकलको अध्ययन अनि क्रियान्वित गराउनका निम्ति निर्देश पठाएको छ। पश्चिम बंगाल राज्यका पंचायतहरूले अप्नाउँदै गरेको प्रणाली स्वास्थ्य अनुकूल एवं पर्यावरण अनुकूल रहेको छ। सय दिने कार्ययोजनालाई लागू गराउनमा सबैभन्दा उत्तम राज्य पश्चिम बंगाललाई नै मानिलिएको छ।

****** o ******

<u>ल्यांग्वेज डे सी.एम</u>

पश्चिम बंगालका मुख्यमन्त्री ममताले आज भाषा दिवसको उपलक्ष्यमा बंगलादेशका नागरिकहरूलाई बधाई दिनुको साथै ढाकाका शहिदहरूलाई स्मरण गर्नुभएको छ। आफ्नो ट्वीट सन्देशमा सुश्री ब्यानर्जीले भन्नुभयो- आज भाषा दिवस हो, २१ फरवरी आजकै दिन भाषाको निम्ति आफ्नो प्राणको आहूति दिने शहिदहरू प्रति म पूर्ण श्रद्धा अर्पण गर्दछु। हामीले सबै भाषाहरूलाई माया अनि सम्मान गर्न पर्नेछ भनी उहाँले अझ बताउनुभयो। वर्ष १९५२ मा आजकै दिन उर्दू भाषा पाकिस्तानको राष्ट्रीय भाषाको रूपमा थोप्ने प्रयासको विरोध गर्दा ढाकामा विद्यार्थीहरूको गोली हानेर हत्या गरिएको थियो। जसको कारण व्यापक आन्दोलन छेड़िएको थियो। त्यसपश्चात १९९९ मा २१ फरवरीलाइ अन्तराष्ट्रीय मातृ भाषा दिवस घोषित गरिएको थियो।

****** o ******

## मिरिक

जीटीए-का भूमिगत सभासद अरूण घिसिङको घरमा सरकारी सिल लागेको केही महिना नबित्दै आज उसको नाम समेत मतदाता सूचीबाट हटाइने नोटिस जारी गरिएको छ। यस आशय बारे खरसाङ २४ नम्बर विधान सभा क्षेत्रका चुनाव निर्वाचन अधिकारीलाई उद्धृत गर्दै मिरिक खण्ड विकास अधिकारीलले भन्नुभएको छ अहिले मतदाता सूची संशोधन गर्ने कार्य भइरहेको छ कुनै व्यक्ति भूमिगत छन् भने त्यस्ता व्यक्तिलाई मतदाता सूचीबाट हटाउन सकिने निर्वाचन आयोगले पहल गरेकोले गर्दा पूर्व सभासद श्री घिसिङको पनि नाम मतदाता सूचीबाट हटाइने नोटिश जारी गरेको हो। अर्कोतिर दार्जीलिङ पहाड़मा पंचायत चुनावको निम्ति जीटीएले पहल गरे असल हुने विचार हिल टीएमसी अध्यक्ष एल.बी राईले व्यक्त गरेका छन्। हाम्रा मिरिक संवाददाताले जानकारी दिए अनुसार श्री राईले हिल टीएमसी अध्यक्ष भएको हैसियतमा पहाड़मा पंचायत चुनाव सम्बन्धी राज्य सरकारसित बातचित गर्नपछि नहटने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

****** ० ******

## अर्बन हाउसिङ

केन्द्रीय मन्त्रीमण्डलले ६० हजार करोड़ रुपियाँको राष्ट्रीय शहरी आवास कोषको गठनलाई स्वीकृति दिएको छ। यो कोष, आवास अनि शहरी विकास मन्त्रालय अन्तर्गत निर्माण सामग्री अनि प्रौद्योगिकी संवर्द्धन परिषद अन्तर्गत रहनेछ। यसद्वारा आउँदो चार वर्षमा विभिन्न मदहरू अन्तर्गत केन्द्रीय सहायता अनि शहरी क्षेत्रहरूमा भवनहरूको समुचित निर्माणको लागि आवश्यक राशि जुटाउनमा सहयोग प्राप्त हुनेछ। मन्त्रालयले अहिलेसम्म प्रधानमन्त्री शहरी आवास योजना अन्तर्गत ३९ लाख ४० हजार आवासहरूको स्वीकृति दिइसकेको छ।

****** ० ******

## पासपोर्ट मेला

क्षेत्रीय पासपोर्ट अधिकारी विभूति भूषण कुमारले आज भन्नुभएको छ कि पासपोर्ट मेला कोलकता, वेहरामपुर, सिलगढ़ी, गान्तोक अनि अगरतलामा आगामी २४ फरवरीमा आयोजन गरिनेछ। उहाँले भन्नुभयो आवेदकहरूलाई अनलाइन आवेदन सन्दर्भ संख्या एनआरएन लगायत परिचय पत्रका अन्य आवश्यक दस्तावेजहरू, ठेगाना अनि जन्म तिथिको मूल अनि आत्म प्रमाणित जेरेक्सको प्रतिलिपि आदिको विस्तृत जानकारी हाम्रो वेबसाइट डब्ल्यूडब्ल्यूडब्ल्यू.पासपोर्टइण्डिया.गव.इन-बाट प्राप्त गर्न सकिनेछ। सामान्य श्रेणीको आवेदनलाई मेलामा स्वीकृति दिइनेछ। २४ फरवरीको नियुक्तिहरू वेबसाइट डब्ल्यूडब्ल्यूडब्ल्यू.पासपोर्टइण्डिया.गव.इन-मा १६ फरवरीको साँझ पख जारी गरिनेछ। आवेदकहरूले अनलाइन भुगतान प्रणालीको माध्यमद्वारा पासपोर्ट शुल्क भुगतान गर्नु पर्नेछ। उहाँले पासपोर्ट बनाउन चाहने इच्छुक व्यक्तिहरूलाई अनुरोध गर्नुहुँदै भन्नुभएको छ ती आवेदकहरू ज-जसले अनलाइनबाट नियुक्ति प्राप्त गरेका छन्, उनीहरूलाई मात्र स्वीकार गरिनेछ।

****** ० ******

## पोन्जी स्कीम

धेरै आर्कषक फिर्ता वा अधिक ब्याज दिने लोभ देखाएर आम मानिसहरूबाट पैसा संग्रह गर्ने कम्पनीहरू अब बाँच्न सक्ने छैनन्। उनीहरू विरूद्ध सशक्त कानूनको मसौदा तयार भइसकेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा मन्त्रीमण्डलले यसलाई स्वीकृति दिएको छ। अनियमितता जमा राशीमाथि प्रतिबन्ध लगाउने विधेयक २०१८ लाई आगामी सत्रमा नै पारित गराउने प्रयास गरिन्दैछ। यसद्वारा गैर कानूनी ढंगमा परिचालन भइरहेको पोन्जी वा जमा राशी योजनाहरूमाथि प्रतिबन्ध लगाउने अनि यस्ता योजनाहरू चलाउनेहरू विरूद्ध धेरै कठोर कार्यवाही सुनिश्चित हुनेछ। यस्ता योजनाहरू परिचालन गर्नेहरू साथै कम्पनीहरूको परिसम्पत्तिहरूलाई एउटा निश्चित अवधि मै जफ्त गरिने साथै उनीहरूमाथि

भारी जरिमाना लगाउने मार्ग प्रशस्त हुनेछ। यसको साथै मन्त्रीमण्डलले चिट फण्ड व्यवसायलाई अधिक पारदर्शी अनि यसको असल ढंगसित विस्तार गर्नको निम्ति चिट फण्ड संशोधन कानून २०१८ को मसौदाहरूलाई पनि स्वीकृति दिइसकेको छ। चिट फण्ड चलाउनेहयको कामकाजलाई अधिक पारदर्शी बनाउनको निम्ति उनीहरूको कामकाजको हरहिसाब राख्ने प्रणालीमा पनि परिवर्तन गरिनेभएको छ। हरहिसाब राख्ने साथै यस प्रक्रियाको सबै विवरण सार्वजनिक गर्ने जस्तो प्रावधानहरू यसमा गरिएको छ।

****** ० ******

***********